चौतारा साँगाचोकगढी नगरपालिका
ཅཽ་ཏཱ་ར་ སཱཾ་ག་ཅོ་ག་ག་ཌྷི་ ན་ག་ར་པཱ་ལི་ཀཱ།
चौतारा साँगाचोकगढी नगरपालिका
Chautara Sangachokgadhi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
चौतारा, सिन्धुपाल्चोक, Chautara, Sindhupalchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या (Letter No.) : २०८२।८३
चलानी नं. (Dispatch No.) :

मिति : २०८२/०८/०१

**लक्षित वर्गका लागि खरिदार/सुब्बा पदको लोक सेवा तयारी कक्षा संचालन कार्यक्रममा सहभागीताका लागि आवेदन आहवानको सूचना**

प्रस्तुत विषयमा यस चौतारा साँगाचोकगढी नगरपालिकाको आ.व.२०८२/८३ को वार्षिक नगर विकास योजना अनुसार महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको आयोजनामा यस नगरपालिका भित्र स्थायी बसोबास गरेका लक्षित वर्गभित्र समावेश भएका दलित समुदायका व्यक्तिहरु, जनजाती समुदायका व्यक्तिहरु, अपाङ्गता भएका व्यक्तिहरु र सबै वर्गका महिलाहरुका लागि खरिदार/सुब्बा पदको लोक सेवा तयारी कक्षा संचालन गर्न लागिएकाले तपशिल बमोजिमको योग्यता पुगेका लक्षित वर्गका व्यक्तिहरुले मिति २०८२/०८/०१ देखि १५ दिन भित्र यस कार्यालयको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा आवेदन दिनु हुन सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

- व्यक्तिगत निवेदन (तोकिएको ढाँचामा),
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपी, विवाहित महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी ।
- प्रविणता प्रमाणपत्र तह वा +2 उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी ।

**नोट : माथिका विवरणहरु सहित आवेदकहरुको आवेदन संकलन भइसकेपछि सोहि आधारमा कार्यालयले तपशिल बमोजिमको निर्णय लिनेछ :**

१) सकभर कार्यालयले अनलाइन कक्षाको लागि जोड गर्नेछ । अनलाइन कक्षाको लागि आवेदक सबैलाई सहभागी गराइनेछ ।

२) भौतिक कक्षा संचालन गर्नुपर्ने भएमा चौतारा बजारमा कक्षा संचालन हुनेछ, जसमा अधिकतम ३० जना निम्न अनुसार सहभागी गराइनेछ :

क) अपाङ्गता भएका व्यक्ति : २ ख) दलित : ३ ग) जनजाती : १० घ) महिला : १५

( माथिल्लो प्राथमिकतामा आवेदक नभएमा स्वत तल्लो प्राथमिकतामा सर्दै जानेछ । )

३) यदि आवेदक संख्या धेरै भई भौतिक कक्षाको लागि सहभागी छनौट गर्नुपर्ने अवस्था भएमा गोला प्रथाद्धारा सहभागी छनौट गरिनेछ ।

सम्पर्कका लागि : सुमित्रा भट्टराई, महिला विकास निरीक्षक, सम्पर्क नं. : ९८४९३४०९९३ ।

..............................
वैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

# निवेदनको ढाँचा

१) निवेदकको नाम/थर :

२) अस्थायी ठेगाना :

३) स्थायी ठेगाना :

४) जन्म मिति :

५) वैवाहिक अवस्था :

६) माथिल्लो शैक्षिक योग्यता :

७) हालको पेशा व्यवसाय :

८) बाबुको नाम :

९) ठेगाना :

१०) तयारी कक्षाको प्रकृति :

क) भौतिक

ख) अनलाइन

ग) अनलाइनको लागि उपकरण : १) छ २) छैन

११) निवेदकको सम्पर्क नं. :

१२) हस्ताक्षर :

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत